# कीर्तिपुर नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

## मधुमेह र उच्च रक्तचापको औषधि आपूर्ति सम्वन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/०३/३१)

यस कीर्तिपुर नगरपालिकामा मधुमेह र उच्च रक्तचापको औषधि आपूर्तिगर्न बोलपत्रका माध्यमबाट खरिद गरि संचालन गर्नुपर्ने भएकोले ईजाजत प्राप्त सप्लायर्स, थोक विक्रेता तथा कम्पनीहरुबाट निम्न शर्तको अधिनमा रही रित पुर्वक शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम खरिद, दर्ता, खोलीने तथा दस्तुर सम्बन्धि विवरण तपशिलमा उल्लेख भए बमोजिम हुनेछ ।

२. बोलपत्रफारम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

३. शिलबन्दी बोलपत्र दाखिला गर्दा आफुले कबुल गरेको दर अंक र अक्षरको २.५ प्रतिशत (अढाई प्रतिशत)ले हुने रकम धरौटीको रुपमा यस नगरपालिकाको नाममा कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय कीर्तिपुरमा रहेको धरौटी खात नं. **०२१११०००४७२७७१२५** मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको जमानी पत्र संलग्न भएको हुनुपर्नेछ ।

४. बोलपत्रदाताले आफुले कबोल गरेको दररेटलाई अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. बिल अफ कवान्टिटीजमा उल्लेखित सामानहरुको परिमाणमा प्रति एकाईमा उल्लेख गरीएको छ । बोलपत्रदाताले कबोल गरेको दररेटमै सामान उपलब्ध गराउनु पर्नेछ । कबोल गरेको दररेट आ.व.२०७९/८० सम्म मात्र मान्य रहनेछ । आपूर्ती हुने सामान सबैभन्दा घटी कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरीनेछ । बोलपत्रस्वीकृत भई कार्यालयले माग गरेको अवधि भित्र सामान उपलब्ध गरिदिनुपर्नेछ ।

६. बोलपत्रफाराममा सामानको उत्पादक कम्पनीको नाम र उत्पादन भएको देश अनिवार्य रुपले भर्नु पर्नेछ । उत्पादक कम्पनीको नाम र उत्पादन भएको देश उल्लेख नगरेको फर्म मान्य हुने छैन । उक्त कम्पनी WHO GMP certified हुनुपर्ने छ साथै प्रमाणपत्र र कम्पनीबाट प्राप्त Authorized Letter नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न राख्नु पर्नेछ ।

७. आपूर्तिकर्ताले सप्लाई गरेको सामानहरुको गुणस्तरमा शंका लागी परीक्षण गर्नु पर्ने भएमा आपूर्तिकर्ता स्वयमले परीक्षण गराई परीक्षणको प्रमाण पत्र पेश गर्नु पर्नेछ । परीक्षणमा लाग्ने खर्च आपुर्तिकर्ता स्वयमले नै बेहोर्नुपर्नेछ ।

८. नगरपालिकाको हितलाई ध्यानमा राखी प्राप्त बोलपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सर्म्पूण अधिकार यस कीर्तिपुर नगरपालिकामा सुरक्षित रहनेछ ।

९. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्जजनिक खरिद नियमाली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१०. कार्यालयमा औषधी दाखिला हुन आउदा कम्तीमा १८ महिनाको म्याद हुनु पर्नेछ तर कुनै औषधिको जम्मा Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Self Life को कम्तीमा ७५ प्रतिशत म्याद दाखिलाको मिति सम्म बाँकी हुनुपर्नेछ ।

११. दरभाउपत्र फाराममा प्रत्येक औषधिको आइटम वाइज उत्पादक कम्पनीको नाम अनिवार्य रुपले भर्नु पर्नेछ । उत्पादक कम्पनी उल्लेख नगरेको फर्म मान्य हुने छैन ।

१२. अन्य थप केही कुराहरु बुझ्न परेमा यस नगर कार्यपालिकाको कार्यालय, जिन्सी शाखा/स्वास्थ्य शाखामा कार्यालय समयभित्र कार्यालयको फोन नं. ०१३३१६९३, ०१४३३१८०५ वा ईमेल ठेगाना ict.munkirtipur@gmail.com वा वेवसाईट www.kirtipurmun.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल :**

| क्र.सं. | ठेक्का नं. | सामग्रीको विवरण | बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान | बोलपत्र दर्ता गर्ने र खोल्ने मिति समय र स्थान | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| 1 | KRM 29/2078/079 | मधुमेह र उच्च रक्तचापको औषधि आपूर्ति | प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र । की.न.पा. कार्यालय ( कार्यालय समय भित्र) | १६ औं दिन, दिनको १२ : ०० बजे सम्म दर्ता गर्ने र सोही दिनको ३:०० बजे की.न.पा कार्यालयमा खोलिने । | रु.३०००।- |